अनुसूची- १६

(दफा ३३ को उप- दफा (२) सँग सम्बन्धित)

**श्री वनगाउँ सामुदायिक वन उपभोक्ता समूह**

**लमही नगरपालिका वडा नं. ३ वनगाउँ, दाङ**

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०३/१६**

श्री वनगाउँ सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित लमही नगरपालिका वडा नं. ३ वनगाउँमा घाट्गद्दी गरिएको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८(१) बमोजिम सुचिकृत ईच्छुक फर्म वा कम्पनीले यो सूचना गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०३/१६ गते पहिलो पटक प्रकाशित भएको मितीले २१ औं दिन दिनको कार्यालय समय भित्र यस वनगाउँ सामुदायिक वन उपभोक्ता समूह लमही न.पा.३ वनगाउँ दाङ वा डिभिजन वन कार्यालय, दाङ्ग (देउखुरी) लमही मा बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२.०० बजे भित्र सिलवन्दी बोलपत्र श्री वनगाउँ सामुदायिक वन उपभोक्ता समूह लमही-३, वनगाउँ दाङमा दाखिला गर्न आयकर, मु.अ.कर तथा स्थायी लेखा नं. (PAN) दर्ता प्रमाण पत्र भएको काठ सम्वन्धी कारोबार गर्ने वन नियमावली- २०७९ को नियम १२८ बमोजिम सुचिकृत फर्म वा संस्थालाई आहान गरिएको छ ।यस सम्वन्धि विस्तृत जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

**१.वन पैदावारको विवरण**

| लट नं. | वनपैदावारको जात | किसिम | ग्रेड | थान | परिमाण क्यू.फि. | मुल्याङ्कन | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | न्युनतम मुल्य रू. | संकलन खर्च रू. |
| १. | खयर | गोलिया | – | २०९० | १४२२.०० | १४,२२,०००।- | २८४४००।- |
| | कुल जम्मा | | | २०९० | १४२२.०० | १४,२२,०००।- | २८४४००।- |

२. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८२/०४/०४ गते ।

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८२/०४/०५ (ख) समय १२.०० बजे सम्म ।

४. बोलपत्र साथ कबुल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक लमही शाखामा रहेको यस समूहको खाता नं. ४२९०१००००१५७५००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

५. बोलपत्र फारम प्रति लटको रु. २००० पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमहीबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस वनगाउँ सामुदायिक वन उपभोक्ता समूहको लमही न.पा.-३, वनगाउँमा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

अध्यक्ष

७. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०४/०५ गते यस समूहको कार्यालयमा दिनको २.०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्दी कर, सङ्कलन खर्च छुट्टै बुझाइ लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेखुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

जनक कुमारी चौधरी
अध्यक्ष
वनगाउँ सा.व.उ.स.

अध्यक्ष